

- हात्तीले आफ्नो बच्चा हराएमा वा मरेको अवस्थामा ।
- मात लागेको अवस्थामा ।
- ईख राखेको अवस्थामा । जिस्काउने वा लखेट्ने मान्छेको आवाज चिन्यो भने धेरै पछिसम्म पनि आक्रमण गर्न सक्छ ।

## हात्तीको आक्रमणबाट बच्ने उपाय

- हात्तीसँग जम्काभेट भएमा आफुसँग भएको सामान (टोपी, लुगा, झोला, चप्पल आदि) फ्याँक्ने र बेस्सरी बाङ्गो-टिगो दिशा समातेर दौडिने वा ढुङ्ग्यान बगरतिर भाग्ने ।
- हात्तीले छोटो दुरीसम्म मात्र लखेट्छ, लामो दुरीसम्म लखेट्दै ।
- अलि छड्के परेर ओरालोतिर, दलदल जमिन वा हिलोतिर भाग्ने ।
- ढलेको ठूलो रुखको मुनिबाट भाग्ने ।
- पुलपुलेसा तरेर भाग्ने ।
- हावाको विपरित दिशातिर भाग्ने ।
- जंगल जाँदा जाँड रक्सी नखाने, जाँड रक्सीको गन्धले हात्तीलाई आकर्षित गर्दछ ।
- आगो वा राँको बालेर तर्साउने ।
- जंगल जाँदा हात्तीको ताजा पाइला वा दिशा याद गर्ने, सतर्क रहने र हात्ती भएको गएको दिशातर्फ नजाने । साथै रुख भाँचेको, सुँड बजारेको वा घुरेको पनि सुन्न सकिन्छ । यस्तो आवाज सुनेमा सतर्क हुने ।

## नेपालमा हात्ती संरक्षणको प्रयास

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन विभाग मार्फत जंगली हात्तीको संरक्षण प्रयास गर्दै आएको छ । नेपालमा हाल तराईका ६ वटा राष्ट्रिय निकुञ्ज तथा आरक्ष र तराई तथा भित्री मधेशका २२ वटा जिल्ला मार्फत संरक्षण प्रयास हुँदै आएको छ । यद्धपी मानव हात्ती द्वन्द्व दिनप्रतिदिन बढ्दै गएको छ । वर्षेनी १५/२० जनाको हात्तीको आक्रमणमा परि ज्यान जाने गरेका छन् भने वर्षेनी ३/५ को संख्यामा प्रतिशोधमा (Retaliatory Killing) ज्यान जाने गरेको पाइएको छ । त्यसै गरि यस वर्ष उदयपुर जिल्लामा एउटा भाले हात्तीको हत्या गरी चोरी शिकारीले दाह्रा चोरी लगेको पाइएको छ । यो घटनाले नेपालमा पनि हात्तीको चोरी शिकारी बढ्ने सम्भावना रहेको छ । हात्ती संरक्षणको लागि नेपाल सरकारले अन्तर्राष्ट्रिय सन्धिहरु जस्तै Convention on Biological diversity 1992 ( CBD 1992), Convention of International Trade on Endangered Flora and Fauna (1973) लगायतका सन्धि सम्झौता गरि राष्ट्रिय रुपमा बिभिन्न कानूनहरु बनाई कार्यान्यवन गर्दै आएको छ ।

हात्ती राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनद्धारा संरक्षित जनावर हो । CITES को अनुसुची -१ मा सूचिकृत भएकाले हात्ती तथा यसका ओखेटोपहारको व्यापारमा पूर्ण प्रतिबन्ध गरिएको छ । IUCN को खतराको सूची अन्तर्गत हात्ती सङ्कटापन्न जनावर हो । त्यसैगरि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अन्तर्गत हात्ती संरक्षित जीव हो । यस ऐन अन्तर्गत जंगली हात्ती मार्ने, घाइते बनाउने तथा ओखेटोपहार राख्ने, खरिद गर्ने वा बिक्री गर्ने व्यक्तिलाई पचास हजार देखि एक लाख रुपियाँसम्म जरिवाना वा पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुन सक्छ । हात्तीले आक्रमण गरि घाइते बनाएको वा मृत्यु भएको अवस्थामा, घर गोठ भत्काएमा, धनजनको क्षति गरेमा, भण्डारण गरेको अन्न खाएमा वा बालीनाली नोक्सानी गरेमा राहत निर्देशिका २०६९ र त्यसको संशोधन २०७१ अनुसार राहतको समेत व्यवस्था गरिएको छ ।

PARSA NATIONAL PARK
पर्सा राष्ट्रिय निकुञ्ज
२०४१

The Rufford Foundation
www.rufford.org



# एशियाली हात्ती
# (Elephus Maximus)

